

मुस्ताङको थासाङ गाउँपालिका-२ कोबाङ गाउँनजिकैबाट देखिएको धौलागिरि हिमाल र आसपासका क्षेत्र। *तस्बिरः रासस*

## लेखा व्यवसायीको चौथो राष्ट्रिय सम्मेलन आजदेखि

काठमाडौं (कास)- लेखा व्यवसायीको चौथो राष्ट्रिय सम्मेलन चैत २६ गते मंगलबारदेखि सुरु हुने भएको छ।

'कर र सार्वजनिक वित्तीय व्यवस्थापनको आधुनिकीकरणमार्फत अर्थतन्त्रको रूपान्तरण' भन्ने नाराका साथ लेखा व्यवसायीको सम्मेलन आयोजना हुन लागेको आयोजक नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (आईक्यान)ले जनाएको छ।

कार्यक्रम अवधिभर लेखा व्यवसायी, नीति निर्माता, शिक्षाविद्, उद्योगी तथा विद्यार्थीमाझ कर प्रणाली तथा सार्वजनिक वित्तीय व्यवस्थापनको आधुनिकीकरण विषयमा अन्तरक्रिया हुने आयोजकले जनाएको छ। दुई दिनसम्म चल्ने सम्मेलनमा पाँच प्राविधिक तथा दुई पूरकसहित कुल सात सत्र सञ्चालन हुँदै छन्।

कर प्रणाली र सार्वजनिक वित्तीय व्यवस्थापनको आधुनिकीकरणका लागि गहन छलफलमार्फत उपयुक्त नीति निर्माण, पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्ने उद्देश्यले सम्मेलन गर्न लागिएको आईक्यानले जनाएको छ।

सम्मेलनले लेखा पेसाको उन्नति र आर्थिक विकासमा समेत योगदान पुऱ्याउन मद्दत पुग्ने अपेक्षा गरिएको छ। सात सेसनमा ३५ वक्ता सहभागी हुनेछन्। चारजनाले प्रस्तुति दिनेछन्। पाँचजना अन्तर्राष्ट्रिय प्रतिनिधिसमेत उपस्थित हुने आयोजकले बताएको छ।

### २६७० विन्दुमा झर्‍यो नेप्से

## ३३.३३ अंकले नेप्से घट्दा साढे पाँच अर्बको कारोबार




काठमाडौं (कास)- सोमबार नेप्से परिसूचक उच्च अंकले घटेको छ।

नेप्से ३३.३३ अंकले घटेर २६७०.०६ विन्दुमा बन्द भएको छ। यस दिन कारोबार रकममा पनि गिरावट आएको छ। गत कारोबार दिन अर्थात् बिहीबार सात अर्ब २३ करोडको सेयर कारोबार भएकोमा सोमबार पाँच अर्ब ६५ करोडको कारोबार भएको छ। यो रकम अघिल्लो दिनको तुलनामा १ अर्ब ५८ करोड रूपैयाँ कमी आएको हो।

सोमबार ३२२ वटा धितोपत्रको एक करोड एक लाख ४८ हजार ६६ कित्ता सेयर किनबेच भएको हो। यस दिन २३ कम्पनीको सेयर मूल्य बढेको छ भने २२१ वटाको घटेको छ।

सोमबार बुटवल पावर कम्पनीको मूल्य सर्वाधिक ६.७५ प्रतिशतले बढेको छ। उक्त कम्पनीको प्रतिकित्ता मूल्य ४२४ रूपैयाँ पुगेको छ। यस्तै, बाराही हाइड्रोपावरको सेयर मूल्य ४.७९ प्रतिशतले बढेर प्रतिकित्ता मूल्य एक हजार ८५ रूपैयाँ कायम भएको छ।

सोमबार हिमालय पावरको मूल्य सर्वाधिक ५.३५ प्रतिशतले घटेर प्रति कित्ता मूल्य ६१८ रूपैयाँमा झरेको छ। यस्तै, समृद्धि फाइनान्सको मूल्य ४.३२ प्रतिशतले घटेर प्रतिकित्ता मूल्य ५२५ रूपैयाँ २० पैसा कायम भएको छ।

सोमबार हिमायलन रिइन्स्योरेन्सको सर्वाधिक कारोबार भएको छ। कम्पनीको प्रतिकित्ता एक हजार ४० रूपैयाँ १० पैसामा ५० करोड ३६ लाख रूपैयाँको सेयर कारोबार भएको छ। यो मूल्य अघिल्लो दिनको तुलनामा १.७१ प्रतिशत घटेको हो।

सोमबार कारोबारमा आएका १३ वटा समूहगत परिसूचकमध्ये सबै समूहको परिसूचक घट्दा समग्र नेप्से घटेको हो। यस दिन व्यापार समूहको परिसूचक सर्वाधिक ३.११ प्रतिशतले घटेको छ भने दोस्रोमा वित्त समूहको परिसूचक २.२६ प्रतिशतले घटेको छ।

## गतिविधि

### नबिलले ल्यायो 'नबिल दिगो बचत खाता'




काठमाडौं (कास)- नबिल बैंकले दिगो विकास र कार्बन उत्सर्जन न्यूनीकरण र नियन्त्रणलाई प्रवर्द्धन गर्ने उद्देश्यका साथ बैंकिङ क्षेत्रमा नौलो र प्रभावकारी किसिमको खाता 'नबिल दिगो बचत खाता'को सुरुवात गरेको छ।

नेपालले सन् २०४५ सम्म शून्य कार्बन उत्सर्जनको लक्ष्य राखेको सन्दर्भमा बैंकले दिगो विकास तथा दिगो बैंकिङको दृष्टिकोण अनुरूप यस बचत खाता सञ्चालनमा ल्याएको हो। यस योजनाअन्तर्गत सेवाग्राहीले पाउने ब्याजदर बाहेक जम्मा हुने कुल निक्षेपको वार्षिक ०.५ प्रतिशतका दरले हुन आउने रकम बैंकले प्रत्यक्ष रूपमा कार्बन उत्सर्जन न्यूनीकरण र नियन्त्रणमा खर्च गर्नेछ। उक्त रकम कार्बन उत्सर्जन न्यूनीकरण र नियन्त्रणका लागि वन पुनःस्थापना तथा वृक्षरोपण, नवीकरणीय ऊर्जा प्रबर्द्धन, फोहोर व्यवस्थापनका लागि पहल, स्वच्छ ऊर्जा तथा सफा पानीसम्बन्धी परियोजना तथा दिगो विकासका लक्ष्य अनुकूलनलगायतका कार्यक्रममा खर्च गरिनेछ। यस योजनाअन्तर्गत नबिल दिगो बचत खातामा अर्धवार्षिक रुपमा औसतमा ५० हजार रुपैयाँ राख्ने ग्राहकका नाममा टोकनस्वरुप एकपटकका लागि वृक्षरोपण गरिनेछ।

यसबाट कार्बन उत्सर्जन न्यूनीकरण तथा नियन्त्रण र दिगो विकास लक्ष्य हासिल गर्न प्रत्यक्ष योगदान पुग्नेमा बैंकको विश्वास छ। यस खाता खोल्नका लागि न्यूनतम मौज्दात १० हजार आवश्यक छ। यो विशेष बचत खाता वित्तीय लाभका साथै वातावरण संरक्षणमा प्रत्यक्ष योगदान गर्न चाहने सबै उमेर समूहका व्यक्ति, गैरआवासीय नेपाली र गैर-नाफामुखी संस्थालाई लक्षित गरिएको छ।

त्यसका साथै न्यूनतम मौज्दात कायम राख्ने ग्राहकले डिजिटल बैंकिङ प्रवर्द्धनअन्तर्गत डिजिटल बैंकिङ प्लेटफर्म एनबैंक र एनबैंक वेभ आजीवन निःशुल्क प्रयोग गर्न सक्नेछन्। यसबाट कागजरहित बैंकिङ संस्कृति प्रवर्द्धन हुने बैंकले जनाएको छ। त्यसबाहेक यस योजनामा सहभागी हुने ग्राहकलाई पहिलो वर्ष निःशुल्क नबिल डेबिट कार्ड र क्रेडिट कार्ड, वार्षिक लकर शुल्कमा २५ प्रतिशत छुट र योग्य ग्राहकलाई बीमा सुविधा पनि उपलब्ध गराइनेछ।

### 'सूर्यज्योति केयर्स' डिजिटल कार्ड र 'सूर्यज्योति इ-कर्जा' सेवा सार्वजनिक

काठमाडौं (कास)- नेपाल बीमा प्राधिकरणका अध्यक्ष शरद ओझाले बीमाका कुनै पनि प्रोडक्टलाई बीमितले विश्वास दिलाउने गरि काम गर्नका लागि आग्रह गरेका छन्। सोमबार सूर्यज्योति लाइफको 'सूर्यज्योति केयर्स' डिजिटल कार्ड र 'सूर्यज्योति इ-कर्जा' सेवा सार्वजनिक कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन्।

प्रविधिको समय भएकाले प्रविधिमैत्री सेवा सुविधा विस्तार गर्दा त्यसका लागि आवश्यक पर्ने पूर्वाधारका विषयमा पनि ध्यान दिनुपर्ने उनको भनाइ थियो। सूर्यज्योतिले ल्याएको दुई वटा नयाँ सेवाले कम्पनीहरुलाई प्रविधिमैत्री बनाउनका लागि सहयोग गर्ने अध्यक्ष ओझाले जानकारी दिए। विदेशमा भइसकेका कुरा नेपालमा पनि ल्याएको सन्दर्भमा यसले बीमा क्षेत्रलाई टेवा पुऱ्याउने विश्वास उनको भनाइ छ।

कम्पनीले नेपाली बीमा क्षेत्रमा पहिलोपटक 'सूर्यज्योति केयर्स' डिजिटल कार्ड र 'सूर्यज्योति इ-कर्जा' सेवा सार्वजनिक गरेको छ। बीमा क्षेत्रलाई आधुनिक प्रविधिसँग जोड्दै डिजिटल रुपान्तरणमा महत्वपूर्ण कदम चालेको कम्पनीले जनाएको छ। यस सेवाअन्तर्गत अनलाइनबाटै कर्जा लिन सकिने र सूर्यज्योति डिजिटल कार्ड लिएका बीमित तथा अभिकर्ताले कम्पनीले सम्झौता गरेका विभिन्न अस्पताल तथा व्यापारिक केन्द्रमा छुट पाउने छन्। दुवै सेवा लिँदा बीमित र अभिकर्तालाई कुनै पनि सेवा शुल्क लाग्ने छैन।

### मुक्तिनाथ पकेट मनी बचत खाता सञ्चालन




काठमाडौं (कास)- मुक्तिनाथ विकास बैंकले १५ देखि १८ वर्षका युवा पुस्ता लक्षित 'मुक्तिनाथ पकेट मनी बचत खाता' सञ्चालनमा ल्याएको छ। यो बचत खाता विशेष गरी भर्खरै एसईई परीक्षा दिएर बसेका विद्यार्थीलाई फाइदा पुग्नेछ।

सो उमेर समूहका ग्राहकलाई बैंकिङ क्षेत्रमा आकर्षित गर्न, डिजिटल बैंकिङ प्रोत्साहन गर्न, बचतको महत्व बुझाउन र विद्युतीय कारोबारमा निहित जोखिम सम्बन्धी साक्षरता प्रदान गर्न यो बचत खाताले मद्दत गर्ने बताइएको छ।

मुक्तिनाथ पकेट मनी बचत खाता मा न्यूनतम ५० रुपैयाँ मौज्दात राखेर खाता खोल्ने प्रत्येक ग्राहकलाई बैंकले अर्धमासिक तथा मासिकरुपमा एकपटक निःशुल्क वित्तीय साक्षरता तथा विद्युतीय कारोबारको जोखिम सम्बन्धी ज्ञान प्रदान गर्नेछ। यो खाता खोल्ने ग्राहकले १८ वर्ष पूरा नभएसम्म निःशुल्क मोबाइल बैंकिङ सुविधा प्राप्त गर्नेछन्। यो खाता खोल्दा निःशुल्क डिम्याट खाता तथा मेरो सेयर दर्तालगायत विभिन्न बैंकिङ सेवा छुट प्राप्त गर्न सक्ने बैंकले जनाएको छ।

## रारामा पहिलोपटक पर्यटक प्रहरी

**हेमन्त केसी**

वीरेन्द्रनगर (सुर्खेत)- कर्णाली प्रदेशको रारा तालमा घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकको सुरक्षाका लागि पहिलो पटक पर्यटक प्रहरी कार्यालय स्थापना गरिएको छ।

मुगुस्थित रारा तालमा पहिलो पटक पर्यटक प्रहरी स्थापनासँगै यहाँ यात्रा गर्न आउने सबैलाई सुरक्षाको प्रत्यभूति भएको सरोकारवालाको भनाइ छ। रारा राष्ट्रिय निकुन्जभित्र रहेको यो ताल नेपालकै ठूलो हो। २०३२ सालमा स्थापना भएको निकुन्ज १०६ वर्ग किलोमिटरमा फैलिएको छ। राष्ट्रिय निकुञ्जका अधिकतम भाग मुगु र केही भाग जुम्ला जिल्लामा पर्दछ। निकुञ्जको मुख्य आकर्षण मनोरम हिमाली काखमा हरिया वनजंगलले घेरिएको कञ्चन पानी सल्बलाउने रारा ताल नै हो। यस तालको क्षेत्रफल १०.६५ वर्ग कि.मी. छ। यस तालको लम्बाइ करिब ५ कि.मी., चौडाइ ३ कि.मी. र गहिराई १६७ मिटर छ।

नेपालको सबभन्दा ठूलो तालको रूपमा रहेको रारा ताल सन् २००७ मा रामसार सूचीमा सूचीकृत हुनुले यसको अन्तर्राष्ट्रिय महत्वलाई समेत दर्शाउँछ। तालको दक्षिणतर्फ चुचेमारा टाकुरा चार हजार ०८७ मिटर रहेको छ। उत्तरतर्फ रुम काँध ६ हजार ७३१ मिटर रहेको छ। त्यस्तै मालिका काँध ३ हजार ४४४ मिटर जस्ता चुचुराहरू पर्दछन्। यिनीहरूले रारा राष्ट्रिय निकुञ्जको मनोरम प्राकृतिक दृश्य एवं सुन्दरतालाई अझ गाढा तुल्याएका छन्।

नेपालका अन्य हिमाली राष्ट्रिय निकुञ्ज सरह नै हिमाली कालो भाल, थार, हाब्रे, घोरल, रतुवा, कस्तुरी मृग, बँदेल आदि गरी ५१ प्रजातिका स्तनधारी वन्यजन्तु पाइन्छन्। यस निकुञ्जमा डाँफे, मोनाल लगायत २७२ प्रजातिका चराचुरुङ्गी पाइन्छन्। निकुञ्ज अन्तर्गत रारा ताल र वरिपरिको कोणधारी वन क्षेत्र स्थानीय र बसाई सरी आउने विभिन्न चराचुरुंगीको उपयुक्त बासस्थान बन्न पुगेको छ। यहाँ नेपालका ७ मध्ये ३ प्रजातिका रैथाने असला माछा पाइन्छन्। मध्यवर्ती क्षेत्रको मुख्य आम्दानीको स्रोत नै निकुञ्जको पर्यटन भएकाले मध्यवर्ती क्षेत्रको आम्दानी पनि न्यून रहेको छ।

रारा ताल घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकको बसोवास सुरक्षित बनाउने उद्देश्यले सोमबार रारा ताल क्षेत्रको प्रवेश नाका रारा विमानस्थल नजिक अस्थायी पर्यटक प्रहरी पोष्ट स्थापना गरिएको हो। पर्यटक प्रहरी पोष्ट स्थापनाको उद्घाटन गर्दै छायाँनाथ रारा नगरपालिकाका नगरप्रमुख विष्णुकुमार भामले रारालगायत मुगुमा रहेका धार्मिक तथा प्राकृतिक पर्यटकीय क्षेत्रमा घुम्न आउने पर्यटकको संख्या दिन प्रतिदिन बढिरहेकाले उनीहरुको घुमाइ सुरक्षित र आरामदायी बनाउन पर्यटक प्रहरी राख्न संघीय सरकारसँगको समन्वयमा पर्यटक प्रहरी पोष्ट स्थापना भएको बताए।

रारा विमानस्थल नजिक अहिले अस्थायी विट स्थापना भएपनि निकट भविष्य मै रारा नजिक सल्लेरिमा स्थायी विट स्थापना गरिने छ। सल्लेरीमा भवन तथा अन्य भौतिक संरचना बनाउन नगरपालिकाले सार्वजनिक जग्गा प्राप्तिका लागि प्रक्रिया अघि बढाएको छ। वन मन्त्रालयबाट जग्गा प्राप्ति स्वीकृत हुनासाथ भौतिक संरचना बनाइ स्थायी रुपमै सल्लेरीमा पर्यटक प्रहरी पोष्ट स्थापना गरिनेछ।

पर्यटक प्रहरीले पर्यटकको मात्र सुरक्षा नगरेर प्रहरीले गर्नुपर्ने अन्य काम पनि गर्ने भएकाले पर्यटक प्रहरी पोष्ट स्थापनाले नेपाल प्रहरीलाई मुगु जिल्लामा काम गर्न सहज हुने र रारासहित मुगुमा रहेका अन्य पर्यटकीय क्षेत्रमा घुम्न आउने पर्यटकको पनि घुमाइ अब सुरक्षित हुने आफूले विश्वास लिएको सुरक्षा अधिकारीको भनाइ रहेको छ।

हाल देशभर २९ वटा पर्यटक प्रहरी युनिट रहेपनि कर्णाली प्रदेश भरी कतै पनि पर्यटक प्रहरी पोष्ट थिएन। अब मुगुमा पर्यटक प्रहरीको ३०औं युनिट स्थापना भएसँगै कर्णालीमा पनि पर्यटक प्रहरी पुगेको छ।

राराताल नीलो कञ्चन, स्निग्ध ताल, जसलाई सल्लाघारीले घेरेर सुरक्षित राखेको छ। तालमा पौडिरहेका हुन्छन् चंखेली र कान्जिरोवा हिमाल साथमा हुन्छन् सल्लाहरू पनि। दिनमै तीन/चार पटक तालले रङ बदल्छ। त्यति मात्र होइन, तालको छालसँगैको सुन्दरताले पर्यटकको मन लोभ्याउँछ। तत्कालीन राजा महेन्द्र शाहले भनेझैँ अप्सरा नै हुन रारा ताल। घुमन्तेका लागि सपनाको गन्तव्य पनि हो- रारा ताल। समुन्द्री सतहबाट २ हजार ९९० मिटरमा रहेको तालमा विश्वमा अन्यत्र नपाइने 'स्नो ट्राउट' माछा पाइन्छ। तालको वास्तविक दृश्यचाँही ४ हजार मिटरमाथिको मुर्माटप लेकबाट आनन्द आउँछ। नेपालको सबैभन्दा ठूलो रारा तालमा वर्षमा करिब ६० हजार नेपाली पुगेको तथ्यांक छ। विदेशी पर्यटकको संख्या भने उल्लेख्य देखिएको छैन।

रारा नेपालको भर्जिन पदमार्गसहितको गन्तव्य हो। साहसिक यात्राको गन्तव्य पनि हो। रारा ताल बिहान कालो, दिउँसो नीलो र साँझ सप्तरङ्गी देखिन्छ। तालको वरिपरि मनोरम सल्लाघारी छ। साँझ तालको वरिवरि पैदल यात्रा गर्न सकिन्छ। प्रकृतिसँग विचरण गर्न मिल्छ। चराचुरुङ्गीको चिरबिरले मन प्रफुल्लित बनाउँछ।


## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८१ साल चैत महिना २६ गते मंगलबार)

यस विकास बैंकको शाखा कार्यालय जोरपाटीबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं। सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ। साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपशिल**

**१) कर्जा शिर्षक : महिला उद्यमशील कर्जा**

**ऋणीको विवरण**

नाम : **श्री किराना स्टोर** प्रोप्राइटरको नाम : अस्मिता तामाङ
दर्ता नं. : ०७८/०७९-६२४ दर्ता मिति : २०७८/०४/२८
दर्ता गर्ने कार्यालय : गोकर्णेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, जोरपाटी, काठमाडौं
रजिष्टर्ड ठेगाना : काठमाडौं जिल्ला गोकर्णेश्वर वडा नं. ५ स्थायी लेखा नं. : ६१६३४४४०४

**व्यक्तिगत धनजमानीकर्ताको विवरण**

१) जुल्फी तामाङको छोरी राम बहादुर स्याङतानको बुहारी बिनोद स्याङतानको पत्नी ललितपुर जिल्ला देवीचौर गा.वि.स. वडा नं. २ हाल, मकवानपुर जिल्ला बकैया गा.पा. वडा नं. ७ बस्ने **अस्मिता तामाङ** (ना.प्र.नं. : २८-०१-७३-०३७६४ जारी मिति र जिल्ला : २०७३/०६/०७, ललितपुर)

२) बुद्धिमान स्याङतानको नाति राम बहादुर स्याङतानको छोरा मकवानपुर जिल्ला बकैया गा.पा. वडा नं. ७ हाल, काठमाडौं जिल्ला गोकर्णेश्वर न.पा. वडा नं. ६ बस्ने **बिनोद स्याङतान** (ना.प्र.नं. : ३१-०१-७५-०४७६८ जारी मिति र जिल्ला : २०७५/०४/२४, मकवानपुर)

३) बिर बहादुर लुङवाको नाति हस बहादुर लुङवाको छोरा मकवानपुर जिल्ला हेटौंडा न.पा. वडा नं. ८ हाल, काठमाडौं जिल्ला गोकर्णेश्वर न.पा. वडा नं. ५ बस्ने **मान बहादुर लुङ्वा** (ना.प्र.नं. : ३१-०१-७१-०६४८७, जारी मिति र जिल्ला : २०७१/०७/१७, मकवानपुर)

**२) कर्जा शिर्षक : साधारण कर्जा**

**ऋणीको विवरण**

टिका प्रसाद मगरको छोरी नर्वु सिं तमाङको बुहारी लाल बहादुर तमाङको पत्नी मोरङ्ग जिल्ला केराबारी गा.वि.स.वडा नं. ७ हाल, ओखलढुंगा जिल्ला लिखु गा.पा. वडा नं. ९ बस्ने **डिल कुमारी मगर** (ना.प्र.नं. : ४/९१६८ जारी मिति र जिल्ला : २०६५/१०/०८, मोरङ्ग)

**व्यक्तिगत धनजमानीकर्ताको विवरण**

१) पदम बहादुर तमाङको नाति नर्वु सिं तमाङको छोरा ओखलढुंगा जिल्ला पोकली वडा नं. ६ हाल, लिखु गा.पा. वडा नं. ९ बस्ने **लाल बहादुर तमाङ** (ना.प्र.नं. : ६१९९/९७९ जारी मिति र जिल्ला : २०५१/०५/०७, ओखलढुंगा)

२) कुल बहादुर पुरीको नाति नुर बहादुर पुरीको छोरा सिन्धुपाल्चोक जिल्ला दुवाचौर गा.वि.स. वडा नं. ९ हाल, काठमाडौं जिल्ला कागेश्वरी मनोहरा न.पा. वडा नं. ६ बस्ने **ईश्वर राज पुरी** (ना.प्र.नं. : ३७७४८/११४०३३ जारी मिति र जिल्ला : २०५९/०८/०४, सिन्धुपाल्चोक)

**३) कर्जा शिर्षक : महिला उद्यमशील कर्जा**

**ऋणीको विवरण**

नाम : **श्रीमाया कार्पेट उद्योग** प्रोप्राइटरको नाम : श्रीमाया भुलुन दर्ता नं. : ०७७/०७८-५४७
दर्ता गर्ने कार्यालय : गोकर्णेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, जोरपाटी, काठमाडौं
दर्ता मिति : २०७७/१२/२२
रजिष्टर्ड ठेगाना : काठमाडौं जिल्ला गोकर्णेश्वर वडा नं. ५ स्थायी लेखा नं. : ६१५७११५२४

**व्यक्तिगत धनजमानीकर्ताको विवरण**

१) कामी सिं थिङको छोरी अंगार सिं भुलुनको बुहारी सन्तविर भुलुनको पत्नी मकवानपुर जिल्ला छतिवन गा.वि.स. वडा नं. ५ हाल, काठमाडौं जिल्ला गोकर्णेश्वर न.पा. वडा नं. ५ बस्ने **श्रीमाया भुलुन** (ना.प्र.नं. : ३१-०१-७३-०९८१६, जारी मिति र जिल्ला : २०७३/०८/०९, मकवानपुर)

२) धनबहादुर भुलुनको नाति अंगार सिं भुलुनको छोरा मकवानपुर जिल्ला छतिवन गा.वि.स. वडा नं. ५ हाल, काठमाडौं जिल्ला गोकर्णेश्वर न.पा. वडा नं. ५ बस्ने **सन्तविर भुलुन** (ना.प्र.नं. : ३१-०१-७३-०९४८१, जारी मिति र जिल्ला : २०७३/०८/०३, मकवानपुर)

३) धनबहादुर थिङको छोरी मिन बहादुर खड्काको बुहारी बाबुराम खड्काको पत्नी खोटाङ जिल्ला लिकुवापोखरी वडा नं. ४ हाल, काठमाडौं सजिल्ला गोकर्णेश्वर न.पा. वडा नं. ५ बस्ने **अनिता खड्का** (ना.प्र.नं.: १२२०१५/५४१, जारी मिति र जिल्ला : २०७२/०७/१८, खोटाङ)

**४) कर्जा शिर्षक : पेशागत कर्जा**

**ऋणीको विवरण**

खडानन्द आचार्यको नाति ज्ञानेन्द्र आचार्यको छोरा सिन्धुपाल्चोक जिल्ला सानुसिरुबारी वडा नं. ३ हाल, चौतारा साँगाचोकगढी न.पा. वडा नं. ७ बस्ने **राजेन्द्र आचार्य** (ना.प्र.नं. : २४१०५२/८३, जारी मिति र जिल्ला : २०६७/०३/२०, सिन्धुपाल्चोक)

**व्यक्तिगत धनजमानीकर्ताको विवरण**

१) अचुत कुमार निरौलाको छोरी ज्ञानेन्द्र आचार्यको बुहारी राजेन्द्र आचार्यको पत्नी सिन्धुपाल्चोक जिल्ला चौतारा न.पा. वडा नं. ९ हाल, चौतारा साँगाचोकगढी न.पा. वडा नं. ७ बस्ने **अनु निरौला (आचार्य)** (ना.प्र.नं. : १४१०४५/१०८८४५, जारी मिति र जिल्ला : २०६७/१०/०२, सिन्धुपाल्चोक)

२) भवदत्त विष्टको नाति अम्बर राज विष्टको छोरा लमजुङ जिल्ला चिती गा.वि.स. वडा नं. ८ हाल, बेशीसहर न.पा. वडा नं. ११ बस्ने **केशव राज विष्ट** (ना.प्र.नं. : ४५-०१-७१-०१८९५, जारी मिति र जिल्ला : २०७१/०४/२८, लमजुङ)

**५) कर्जा शिर्षक : साधारण कर्जा**

**ऋणीको विवरण**

बिर बहादुर लामाको नाति बुद्धिमान लामाको छोरा दोलखा जिल्ला भुषाफेद वडा नं. ६ हाल, काठमाडौं जिल्ला गोकर्णेश्वर न.पा. वडा नं. ५ बस्ने **नारायण लामा** (ना.प्र.नं. : २२२१७५५२/१३०, जारी मिति र जिल्ला : २०५८/०४/३०, दोलखा)

**व्यक्तिगत धनजमानीकर्ताको विवरण**

१) राम बहादुर लामाको छोरी बुद्धिमान लामाको बुहारी नारायण लामाको पत्नी काभ्रेपलाञ्चोक जिल्ला खरेलथोक वडा नं. ३ हाल, काठमाडौं जिल्ला गोकर्णेश्वर न.पा. वडा नं. ५ बस्ने **सपना लामा** (ना.प्र.नं. : ४७५, जारी मिति र जिल्ला : २०६१/०१/१९, काभ्रेपलाञ्चोक)

२) शेर बहादुर लामाको नाति राम बहादुर लामाको छोरा काभ्रेपलाञ्चोक जिल्ला खरेलथोक गा.वि.स. वडा नं. ३ हाल, काठमाडौं जिल्ला गोकर्णेश्वर न.पा. वडा नं. ५ बस्ने **बिनोद लामा** (ना.प्र.नं. : ३०-०१-६९-०२५६५, जारी मिति र जिल्ला : २०६९/०३/०६, काभ्रेपलाञ्चोक)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ